सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २४५ ♦ २०८३ साल जेष्ठ ६ बुधवार ♦ 20 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बर्दिवासमा कांग्रेसको ‘ऊर्जा र विश्वासको नवीन अभियान’ अन्तर्गत परामर्श कार्यशाला हुँदै

शर्मिला घिमिरे

जेष्ठ ५ गते, बर्दिवास

नेपाली काँग्रेसका सभापति गगनकुमार थापासहितका शिर्ष नेताहरुको मधेशमा जमघट हुँदैछ । ‘ऊर्जा र विश्वासको नवीन अभियान’ नाम दिइएको मधेश प्रदेशस्तरीय दुई दिने पर ामर्श कार्यशालाका लागि नेताहरुको मधेशमा जमघट हुन लागेको मङ्गलबार साँझ बर्दिबासमा पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।




अभियानका लागि मधेश संयोजक केन्द्रीय सदस्य प्रमोदहरि गुरागाईंले बुधबार र बिहीबार बर्दिबासमा आयोजना हुने दुई दिने परामर्श कार्यशालाका लागि सभापति थापा, उपसभापति विश्वप्रकाश शर्मा र महामन्त्री प्रदीप पौडेलको सहभागिता रहने जानकारी दिनुभयो ।

“प्रदेश स्तरीय यो कार्यक्रमका लागि महामन्त्री प्रदीप पौडेल बर्दिबास आइपुग्नु भएको छ, सभापति र उपसभापति बुधबार बिहान आइपुग्ने तालिका छ” गुरागाईंले भन्नुभयो, “यो विशिष्ट तवरले हुन लागेको परामर्श कार्यशाला काँग्रेसको मात्र नभइ सिङ्गो लोकतान्त्रिक आन्दोलनका लागि नयाँ सिकाइ हुने हाम्रो विश्वास छ।” बिहान ठिक नौ बजेदेखि नाम दर्ता र ठिक १२ बजेर ३५ मिनट जाँदा कार्यक्रमको उद्घाटन हुने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ। उद्घाटनसत्र जम्मा ७५ मिनटको हुने र निर्धारित समयमा कुनै तलवितल नहुने गुरागाईंको भनाइ छ ।

“उद्घाटनसत्रपछि सुरु हुने परामर्श कार्यशालामा राजनैतिक र साङ्गठनिक विषयमात्र नभएर समाजका विविध क्षेत्रका विषयमा सहभागीले प्राङ्गारिक सम्वाद गर्नेछन्” गुरागाइँ भन्नुहुन्छ, “यस अभियानमा सामाजिक, साँस्कृतिक विषयदेखि काँग्रेसको सत्ता केन्द्रित विगतको मनोवृतिसम्मको विवेचना र आत्मसमीक्षा गरिने छ ।” त्यसैले यसलाई प्राङ्गारिक सम्वाद भनिएको उहाँले प्रष्ट्याउनुभयो । आधारभूत तहसम्म पुगिने हुँदा यसलाई ‘जरा अभियान’ भनिएको गुरागाईंको भनाइ छ ।

यस कार्यक्रममा मधेशभित्रबाट केन्द्रीय समिति, केन्द्रीय विभागमा प्रतिनिधित्व गर्ने सबै पदाधिकारी तथा सदस्यहरु, मधेश प्रदेश समितिका सबै सदस्य, प्रदेशअन्तर्गतका सबै जिल्लाका पार्टी सभापतिहरु, मधेश प्रदेशसभामा दलका तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरु र स्थानीयतहमा पार्टीका तर्फबाट निर्वाचित प्रमुख, उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष सहभागी हुने गुरागाईंले जानकारी दिनुभयो। यसैगरी कार्यक्रममा आतिथ्यता दिने महोत्तरी जिल्लाका प्रतिनिधिसभा तथा प्रदेशसभा क्षेत्रीय समितिका सभापतिहरु सहभागी हुने उहाँले स्पष्ट पार्नुभयो । प्रदेशमा जरा अभियानको पहिलो चरणको यो कार्यक्रममा २६५ जना सहभागी हुने बताइएको छ ।

अभियानको कार्यक्रमबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा गुरागाईंका अतिरिक्त केन्द्रीय सदस्यहरु बजरङ्ग नेपाली र सुनीलकुमार यादव पनि उपस्थित हुनुहुन्थ्यो । यसैगरी नेपाली काँग्रेस मधेश प्रदेशका उपसभापति चन्द्रशेखर यादव, महोत्तरी जिल्ला सभापति नागेश्वर यादव र बर्दिबास नगर प्रमुख प्रहलादकुमार क्षेत्री सहितका नेताहरुको पत्रकार सम्मेलनमा उपस्थिति थियो ।

## वन अतिक्रमण हटाउन खोज्दा बर्दिवासमा राजमार्ग अवरुद्ध

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

जेष्ठ ५ गते, बर्दिवास

डिभिजन वन कार्यालय महोत्तरीले वन अतिक्रमण गरी निर्माण गरिएका घरटहरा हटाउने प्रक्रिया अगाडि बढाएपछि स्थानीयवासीले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध

*बाँकी पृष्ठ ३ मा*



शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | खबरपत्रिका शिरीष साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# मुसहर बस्तीकी ललिताको शिक्षक बन्ने सपना

गोपाल बराल



अब विद्यालयको शिक्षक बन्ने सपना छ, त्यसका लागि मेहनत गर्छु" गतसोमबार साँझ प्रकाशित माध्यमिक शिक्षा परीक्षा (एसइइ) को परिणामले हौसिएकी बर्दिबास-१४ मुसहर बस्तीकी ३० वर्षीया ललिता सदा मुसहरले भन्नुभयो , "एसइइ उतीर्ण गरें , अब आफू पढेकै बर्दिबास-२ स्थित जनता माध्यमिक विद्यालयमै ११/ १२ सक्छु ।" पढ्ने र पछि शिक्षक भएर शिक्षाको अवसरबाट निकै पछि रहेका आफ्ना जाति समुदायलाई विद्यालय जान उत्प्रेरित गर्ने आफ्नो सपना रहेको उहाँको भनाइ छ ।

बाबु, आमा र पति सबै निरक्षर ! मधेशमा अत्यन्त पछि परेको जाति समुदाय । घरमा पतिसहित दुई छोरा । यी कुनै बन्धनले ललिताको पढ्ने रहरलाई अहिलेसम्म छेक्न सकेन । ज्याला मजदुरी गरेर जिविका धान्ने आम मुसहरजस्तै ललिताको पनि जीवन छ । कलिलै उमेरमा विवाह गरेकी ललिताका १४ र १२ वर्षका दुई छोरा छन् । जेठा ब्रह्मदेव छ कक्षा र कान्छा रोहन पाँच कक्षामा पढ्छन् । विद्यालयमा १० कक्षा पढुञ्जेज बिहानको एक लगनी काम गरेर दुबै छोरा सँगसँगै लिएर विद्यालय जाने गर्नु भएकी उहाँले यसपालि एसइइ उतीर्ण हुनु आफ्नो मेहनत र सङ्कल्पको फल भएको बताउनुभयो ।

माइतमै घरजम गरेर बसेकी उहाँलाई प्रत्येक वर्षजसो हुने विद्यालय भर्ना अभियानमा जोडिएर पढ्न जान थालेको सम्झना छ । नियमित विद्यालय जाँदा अरुले झैं म पनि पढ्छु भन्ने इच्छा जागेर नै पढाइलाई निरन्तरता दिएको उहाँ बताउनुहुन्छ । "पहिलो त मेरै सङ्कल्प हो, अनि विद्यालयका गुरुजन र घरमा पतिको पनि राम्रो भरथेग र माया पाएँ" ललिता भन्नुहुन्छ, "अब झन् चासो राख्ने र पढ्न आँटभरोस दिने बढेका छन् ।" खासमा आफ्नै बस्तीका जिल्लामै स्नातकोत्तर गर्ने पहिलो मुसहर मञ्जय सदाले सधैं पढ्न हौसला दिने गर्नुभएको र उहाँकै हौसलाले पढाइलाई निरन्तरता दिदै एसइइ उतीर्ण हुन सकेको ललिताको भनाइ छ ।

बस्तीसँगै जोडिएको विद्यालय भएपनि यहाँका मुसहर पढ्ने कुरा आफ्नो नभएको ठान्दथे । विक्रम सम्वत् २०७३ सालमा सर सफाइ सचेतना अभियानका क्रममा हास्य कलाकार सीताराम कट्टेल (धुर्मुस) र कुञ्जना घिमिरे (सुन्तली) बर्दिबास-१४ को मुसहर बस्ती पुगेपछि यसले रुप फेर्ने अवसर भेट्यो । बस्तीको गरिबी र अशिक्षाले द्रवित भएका कलाकार दम्पतिले धुर्मुस सुन्तली फाउण्डेसनका माध्यमले नमुना बस्ती बनाएर एक वर्षभित्रै शौचालय, धारा र बिजुली सुविधासहितको पक्की घर ५० परिवार मुसहरलाई हस्तान्तरण गरेसँगै सङ्गत र सचेतना अभियानको प्रभावले यहाँका बासिन्दा अब शैक्षिक, सामाजिक र आर्थिक गतिविधिमा सरिक हुन थालेका छन् ।

अहिले बढ्दै गएर यहाँ करिब ८० परिवार मुसहर छन् । बस्तीमा उच्च शिक्षा (स्नातकोत्तर) गर्ने मञ्जय जिल्लाकै पहिलो मुसहर र ललिता माध्यमिक शिक्षा परीक्षा उतीर्ण गर्ने बस्तीकी पहिलो महिला बन्नुभएको छ । "ममात्र पढ्न जाने भन्ने होइन नि ! बस्तीका आम बालबालिकालाई डोऱ्याएर विद्यालय लाने गरेकी छु " ललिता भन्नुहुन्छ, "अहिले बस्तीबाट ७० माथि बालबालिका विद्यालय जाँदैछन् , यिनीहरुको पढाइ निरन्तरताका लागि मञ्जय र म सधैं घरघर पुग्ने गरेका छौं ।" बस्तीका बालबालिकामध्ये चार जना कक्षा-८ , एक जना कक्षा-७ र अरु पाँच कक्षा मुनिका रहेका उहाँले बताउनुभयो । विद्यालय जाने बालबालिकामा छोरीको सङ्ख्या ५० भन्दा माथि रहेको उहाँको भनाइ छ ।

शिक्षामा बढेको यो जागरणसँगै यहाँका बासिन्दा अब आर्थिक गतिविधिमा सरिक हुँदै सञ्चय गर्ने, अस्पताल जाने र आफ्ना समस्याबारे नगर र वडा कार्यालयमा पुगेर जनप्रतिनिधिसँग छलफल गर्ने गरेका बस्तीका शैक्षिक अभियानी मञ्जय सदा बताउनुहुन्छ । यसैगरी ललिता अब बालविवाहजस्तो सामाजिक कुप्रथाविरुद्ध जनमत बनाउन आवश्यक रहेको औंल्याउनुहुन्छ । "हेनोस् न, १५ वर्ष नपुग्दै धेरैजसोले विवाह गर्छन् , २० वर्ष नपुग्दै दुई/ तीनवटा सन्तानको आमा बन्छन्" यसै परिवेशबाट गुज्रेकी उहाँ भन्नुहुन्छ, "यो चलन हाम्रो व्यक्ति र जाति समाजको विकासको वाधक बनेको छ ।" कम उमेरमै आमा बनेपछि अनेकौं स्वास्थ्य समस्याले मुसहर समुदायका महिलाको अवस्था नाजूक बनेको उहाँको ठम्याइ छ ।

ललिताको अब अगाडिको पढाइमा विद्यालय र ओरपरका समाजले चासो लिएका छन् । "उनको पढाइमा हामी सकेको मद्दत गर्छौं" जनता माध्यमिक विद्यालय बर्दिबास-२ का प्रधानाध्यापक तोपबहादुर ठकुरी भन्नुहुन्छ, "ललिता अनुशासित र मेहनती छन् , यिनी राम्रो गर्न सक्छिन् ।"

बर्दिबास-१४ को बस्ती धुर्मुस सुन्तलीले फेरि दिएपनि आम रुपमा बाँसको खाँबा र झिक्राझिक्रीको बार (बेराघेरा) का भित्ताको भरमा अडिएका पराले छानाका झुप्रा आम मुसहरको घर संसार देखिन्छ । मुसहरका लागि 'कमाइ ल्यायो, भुटी खायो' भन्ने आहान प्रचलित छ । मुख्यत कृषि मजदुरी पेसाका मुसहरमा बिहान मजदुरी गर्ने र दिउँसो घोडी (सङ्खे कीराजस्तो मुसहरको खास परिकार) , मुसा र माछा मार्न जाने आम चलन छ । भोलि के खाने भन्ने र भविष्यलाई सञ्चय गर्नुपर्छ भन्ने ध्याउन्न नै नपाल्ने हुँदा आफ्नो जातिका लागि 'कमाइ ल्यायो, भुटी खायो' भन्ने आहान बनेको पाका मुसहर नै बताउँछन् । अबभने यो अवस्था फेर्नै पर्ने ललिताको अठोट छ ।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीयतहका सबैजसो बस्तीमा धेरथोर बसोबास रहेका मुसहरका घर जोसुकैले सहजै ठम्याउँछन् । भिक्राका भित्ता, बाँसका खाँबा र पराले छानाका गुजुमुज्ज भुप्रा देखिएपछि अपरिचित जोसुकैले मुसहर बस्ती रहेछ भन्ने लख काट्छन् । पछिल्लो राष्ट्रिय जनगणना २०७८ अनुसार जिल्लामा २७ हजार ३५२ मुसहर जनसङ्ख्या छ । यो जिल्लाको कूल जनसङ्ख्या सात लाख छ हजार ९९४ को लगभग ३.८७ प्रतिशत हिस्सा हो । अहिले पाँच वर्षपछि यो जनसङ्ख्या ३० हजारको हाराहारी पुगेपनि यो जाति समुदाय शिक्षामा निकै पछि रहेको शिक्षा विकास तथा समन्वय इकाई कार्यालय महोत्तरीका प्रमुख निर्मल घिमिरे बताउनुहुन्छ । यो जाति समुदायबाट उच्च शिक्षा लिने र माध्यमिक शिक्षा परीक्षा उतीर्ण गर्नेको सङ्ख्या हातकै औंलाबाट गणना हुने घिमिरेको भनाइ छ ।

मुसहर जाति समुदायका बालबालिकाको शिक्षामा पहुँच बढाउन विशेष पहलकदमी हुन पर्ने माग बढेको छ । यो जाति समुदायका बालबालिकालाई विद्यालयमा टिकाउन बस्तीबस्तीमै अतिरिक्त शिक्षाको प्रबन्ध सम्बद्ध स्थानीयतहले गर्नुपर्ने मुसहर समुदायका अगुवा बताउँछन् । "अब नानीहरु पढाउन पर्छभन्ने चेत त बढेको छ" बर्दिबास-१४ को नमुना मुसहर बस्तीका शैक्षिक अभियानी मञ्जय सदा भन्नुहुन्छ, "विद्यालयमा नाम लेखाएपनि पढाइमा आफू निकै कमजोर रहेको हीन भावनाले मुसहर बालबालिका विद्यालय छाड्ने गरेका छन् ।" यो अवस्था अन्त्यका लागि मुसहर बस्तीमा स्थानीयतहले अतिरिक्त कक्षा सञ्चालनले सहयोग पुग्ने उहाँको ठम्याइ छ ।

यसैगरी विद्यालयमा पाँच कक्षासम्मलाई दीवा खाजाको व्यवस्था भएपनि त्योभन्दा माथि कक्षाका बालबालिका भोक थेग्न नसकेर घर भाग्ने गरेका मञ्जयले बताउनुभयो । "एक दिन बनी गर्न नगए भरे भोकै परिने अवस्था छ, बाबुआमा खाजा खाने पैसा दिन सक्दैनन्" उहाँ भन्नुहुन्छ, "यो समुदायलाई शिक्षासहित विकासका मूलप्रवाहमा ल्याउने हो भने त थप प्रयत्न गर्नु पऱ्यो नि ! यसको पहलकदमी स्थानीयतहले लिन पर्छ ।" यो व्यवस्था गर्नसके मुसहर बालबालिकामा गुणात्मक सुधार आउने उहाँको भनाइ छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# वन अतिक्रमण हटाउन.........

गरेका छन्।

वन अतिक्रमित क्षेत्रमा आवासीय तथा पसल सञ्चालन गर्दै आएका स्थानीयले घरटहरा हटाउन खोजिएको विरोधमा टायर बालेर राजमार्ग अवरुद्ध गरेका हुन्। व्यापक सुरक्षाकर्मीसहित डोजर परिचालन गरी घर भत्काउन खोजिएपछि स्थानीय आन्दोलित बनेको इलाका प्रहरी कार्यालय बर्दिवासले जनाएको छ।

प्रहरीका अनुसार बिहान साढे ८ बजेदेखि सुरु भएको आन्दोलन बिहान १० बजेतिर वार्तापछि स्थगित भएको हो। बर्दिवास नगर पालिका-५ का वडाध्यक्ष कार मान स्याङ्वासँग भएको सहमतिअनुसार हुकुम्बासीलाई घर खाली गराउने शर्तमा आजका लागि घरटहरा हटाउने प्रक्रिया स्थगित गरिएको जनाइएको छ।


डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजयकुमार मिश्रले यसअघि नै अतिक्रमित संरचना हटाउन १५ दिने, सात दिने र तीन दिने सार्वजनिक सूचना जारी गरिएको जानकारी दिए।

उनले राजमार्ग आसपासका विभिन्न स्थानमा वनको जग्गा अतिक्रमण गरी घर निर्माण गरिएको बताए। "सुरुमा साना पसल तथा टहरा बनाएर व्यवसाय थालिएको थियो, अहिले ती संरचना अर्धपक्की घरका रूपमा विस्तार भएका छन्," प्रमुख मिश्रले भने।

गौशाला नगरपालिका-१ र बर्दिवास नगरपालिका-५ क्षेत्रमा पर्ने महेन्द्र राजमार्ग छेउछाउमा करिब २० वटा घरटहरा रहेको जनाइएको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनी दर्ता खारेजीको सूचना

यस कार्यालयमा मिति २०६५।१२।२५ मा दर्ता भएको प्रा.लि.नं.६१६८६ भएको **अरुश ट्रेडिंग (प्रा.ली.)** नामको कम्पनी यस कार्यालयको मिति २०८३।०१।०१ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।


गौशाला नगरपालिका,
महोत्तरी



# कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

मटिहानी नगरपालिका,
महोत्तरी


# बर्दिबासमा जगन्नाथ रथयात्रा......

जागरणका लागि बर्दिबासमा जगन्नाथ रथयात्राको तयारी थालिएको इस्कोन बर्दिबासले जनाएको छ। आउने आइतबार बिहान आयोजना हुने जगन्नाथ रथयात्राको मार्ग पनि निर्धारण भएको गोपालदासले जानकारी दिनुभयो। जसअनुसार बर्दिबास-१४ स्थित गौतम होटल अगाडिबाट सुरु हुने रथयात्रा भोलावसन्तचोक, सिन्धुलीचोक, राष्ट्रिय वाणिज्य बैङ्क अगाडिबाट दक्षिणतर्फ मोडिदै जनता क्याम्पस सडकबाट क्याम्पसचोक, लचका, हटियास्थित कामेश्वरनाथ मन्दिर हुँदै पुनः भोलावसन्तचोकबाट



नवक्षितिज क्याम्पस जाने बाटोबाट इस्कोन बर्दिबास प्राङ्गणमा पुगेर समापन हुने आयोजकले जनाएका छन् । जगन्नाथ रथयात्रामा देवेश्वर श्रीकृष्ण, बलदेव र सुभद्राका प्रतिमा रथारोहण गराइ भक्तहरुले तान्ने चलन छ । भारतको उडिसामा हुने जगन्नाथ रथयात्रालाई सबै ठाउँका भक्तले अनुभूति गर्नसकुन् भन्ने उद्देश्यसाथ यो यात्रा स्वामी प्रभुपादले सर्वप्रथम अमेरिकाको न्यूयोर्कबाट सुरु गराउनु भएको हो। अब संसारभरि हुँदै आएको रथयात्रा बर्दिबासमा आयोजना हुन लागेको हुँदा यसमा सहभागी हुन इस्कोन बर्दिबासले सबैसँग अपिल गरेको छ। यो रथयात्रामा नेपाल, भारतसहित अन्य मुलुकका साधुसन्तको पनि सहभागिता रहने जनाइएको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनी दर्ता खारेजीको सूचना

यस कार्यालयमा मिति २०७३।१०।२० मा दर्ता भएको प्रा.लि.नं.१६२९५६ भएको **अरुश टायर कोल्ड रिट्रेडींग (प्रा.ली.)** नामको कम्पनी यस कार्यालयको मिति २०८३।०१।०१ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनी दर्ता खारेजीको सूचना

यस कार्यालयमा मिति २०६९।१०।१४ मा दर्ता भएको प्रा.लि.नं. १०९२०२ भएको **एञ्जल इन्टरप्राइजेज (प्रा.ली.)** नामको कम्पनी यस कार्यालयको मिति २०८२।१२।२७ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।


# पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौ।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्रका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
–सम्बन्ध विच्छेद्रको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
–सबैको व्यक्तिगत घटना दर्ता गरौ, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

रामगोपालपुर नगरपालिका,
महोत्तरी

# महोत्तरी कारागारका दुई सय ५० कैदीबन्दी अझै फरार

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ५ गते, बर्दिवास**

'जेनजी' आन्दोलनको मौका छोपी २०८२ साल भदौ २४ गते महोत्तरी कारागारबाट भागेका कैदीबन्दीमध्ये २५० जना कैदीबन्दी अझै फरार रहेका छन् ।

गत भदौ २३ र २४ गते देशभर चलेको जेनजी आन्दोलनको मौका छोपी भदौ २४ गते महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-२ मा अवस्थित जलेश्वर कारागार तोडेर भागेका सबै ५७६ जना कैदीबन्दीमध्ये ३२६ जना फर्किसकेका छन् भने २५० जना अझै फर्किन बाँकी रहेको जेलर अशोककुमार क्षेत्रीले बताउनुभयो ।

जेलर क्षेत्रीका अनुसार अझै पनि भागेका कैदीबन्दीहरू आउने क्रम जारी रहेको छ । जलेश्वर कारागार तोडेर भागेका सबै कैदीबन्दीहरूलाई भोलिपल्टै फर्किन आह्वान गरेकामा आजसम्म फर्किने कैदीबन्दीको सङ्ख्या ३१६ नेपाली र १० विदेशी (भारतीय) सहित जम्मा ३२६ जना पुगेको जेलर क्षेत्रीले बताउनुभयो ।

जेलर क्षेत्रीले फर्की नआउने फरार कैदीबन्दीहरू उपर कारागार ऐन २०७९ र अन्य नेपालको प्रचलित कानुनबमोजिम कारबाही हुने तथा कैदीबन्दीहरूलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिउपर पनि कानुनबमोजिम कारबाही हुने बताउनुभयो ।

जलेश्वर कारागारबाट भागेकामध्ये १३ जना कैदीबन्दीहरूलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ पुनः कारागार फर्काउन मद्दत गरेका थिए भने बाँकी कैदीबन्दीहरू आफैँ स्वेच्छाले कारागारमा फर्किएका हुन् ।

महोत्तरीको जलेश्वर कारागारबाट अझै फरार रहेका कैदीबन्दीहरूलाई जिल्लाको तीनै तहका सुरक्षाकर्मीहरूले व्यापक रूपमा खोजतलास गरिरहेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो । रासस

# बर्दिबासमा जगन्नाथ रथयात्रा हुँदै

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ५ गते, बर्दिवास**



महोत्तरीको बर्दिबासमा जगन्नाथ रथयात्राको तयारी थालिएको छ । अन्तराष्ट्रिय कृष्ण भावनामृत सङ्घ (इस्कोन) बर्दिबासले यही आउने आइतबार (जेठ १०) गते बर्दिबासमा जगन्नाथ रथयात्रा गरिने मङ्गलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको हो ।

इस्कोन गौडीय वैष्णव परम्पराको हिन्दू धार्मिक संस्था मानिन्छ । हिन्दू परम्पराका आराध्य देव श्रीकृष्ण भक्ति परम्पराको यो संस्थालाई 'हरे कृष्ण' पनि भनिन्छ । संसारभरि भगवान जगन्नाथको कीर्ति र मानवकल्याणको मार्गबारे सचेतना बढाउँदै अध्यात्मतिर आम मानिसलाई अभिप्रेरित गराउन रथयात्रा परम्परा चलेको इस्कोन बर्दिबास शाखाका प्रमुख परमपुरुष गोपाल दासले बताउनुभयो ।

सन् १९६६ को जुलाई १३ का दिन ए.सी. भक्तिवेदान्त स्वामी प्रभुपादले अमेरिकाको न्युयोर्कमा स्थापना गर्नुभएको इस्कोन अभियान अब संसारभरिका सबै मुलुकमा छ । यसै मानवकल्याणको कामनासहित सनातन हिन्दू दर्शनबारे

*बाँकी पृष्ठ ३ मा*


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

औरही नगरपालिका, महोत्तरी



छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :
जनकपुरधाम उपमहानगरपालिका
धनुषा , जनकपुरधाम
मधेश प्रदेश



मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

मिथिला नगरपालिका, धनुषा



अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,